मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

२६ औं वर्षमा

श्रीअन्तु प्रकाशन (प्रा.)लि.


पत्रकार पौडेललाई
भानु पत्रकारिता पुरस्कारः पृष्ठ ४



◆ वर्ष : २६ ◆ अङ्क : २२८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असार ३० गते बुधवार (Wednesday, July 14. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

# देउवा प्रधानमन्त्री





**झापा, असार २९।** राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधिसभा सदस्य शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गरेकी छिन् ।

सर्वोच्च अदालत, संवैधानिक इजलासको सोमबारको फैसलाबमोजिम नेपाली कांग्रेस संसदीय दलका नेता देउवालाई राष्ट्रपति भण्डारीले मंगलवार प्रधानमन्त्री पदमा नियुक्त गरेकी हुन् । देउवा नेपालको ४३औं प्रधानमन्त्रीका रुपमा पाँचौंपटक प्रधानमन्त्री भएका हुन् ।

वि.सं. २००३ जेठमा डडेलधुरा जिल्लाको तत्कालीन असीग्राम गाविस वडा नम्बर ५मा जन्मिएका देउवाले मंगलवारसाँझ शपथ लिएसंगै चार सदस्यीय मन्त्रिमण्डल गठन गरेका छन् । संविधानको धारा ७६(५) अनुसार प्रधानमन्त्री नियुक्त भएका देउवाले आफ्नो दल नेपाली कांग्रेससँगै माओवादी केन्द्रबाट २-२ जना मन्त्री नियुक्त गरेका हुन् ।

कांग्रेसबाट बालकृष्ण खाँण गृहमन्त्री नियुक्त भएका छन् भने ज्ञानेन्द्रबहादुर कार्की कानुनमन्त्री भएका छन् । यस्तै माओवादी केन्द्रबाट जनादर्न शर्मा प्रभाकर अर्थ र पम्फा भुसाल ऊर्जामन्त्री बनेका छन् । बिद्यार्थी राजनीतिबाट आफ्नो राजनीतिक यात्रा शुरु गरेका देउवा नेपालमा धेरैपटक प्रधानमन्त्री बन्न पाउने थोरै व्यक्तिमध्ये पर्छन् ।

आफ्नो राजनीतिक जीवनमा आलोचकबाट 'प्रजातन्त्र दरबारलाई बुझाएको' भन्ने आरोप खेपेका देउवालाई पहिलेका कार्यकालका आधारमा कैयौँले 'सफल' प्रधानमन्त्रीको रूपमा लिँदैनन् । यद्यपि देउवाका प्रशंसकहरू उनलाई 'पार्टी र गठबन्धनलाई समेत व्यवस्थापन गर्न सफल' व्यक्तिका रूपमा चित्रण गर्छन् । कैयौँ कांग्रेसीहरूका भनाइमा देउवा कतिपय परिस्थितिमा 'कूटनीतिकभन्दा पनि बढी स्पष्ट वक्ता' देखिन्छन् ।

**राजनीतिको आरम्भ**

सुदूरपश्चिमको डडेलधुरा जिल्लामा २००३ सालमा जन्मिएका उनले विद्यार्थी जीवनबाटै राजनीति शुरु गरेका थिए ।

२०२२ सालमा सुदूरपश्चिमाञ्चल विद्यार्थी संघबाट देउवाले आफ्नो राजनीतिक यात्रा शुरु गरेका हुन् । त्यसपछि उनी नेपाल विद्यार्थी संघको संस्थापक सदस्य र सभापति बनेका थिए । पञ्चायतबिरोधी राजनीति गर्दा देउवामा पटक-पटक जेल परेका थिए ।

त्यस्तै राजा ज्ञानेन्द्र शाहको शासनकालमा पनि उनीमाथि भ्रष्टाचार अभियोग लगाइएको थियो र त्यसबेला समेत उनी केही समय जेल परेका थिए । आफ्नो राजनीतिक जीवनमा पटकपटक गरेर करिब नौ वर्ष जेल जीवन बिताएको प्रतिनिधिसभाको वेबसाइटमा राखिएको परिचयात्मक भिडियोमा देउवाले बताएका छन् ।

२०४६ सालको जनआन्दोलनपछि देउवा सुदूरपश्चिम क्षेत्रमा नेपाली कांग्रेस पार्टीको राजनीतिक प्रमुखको भूमिकामा रहेका थिए । २०४८ सालमा डलेलधुराबाट सांसद बनेका देउवा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा गृहमन्त्री बनेका थिए ।

२०५१ सालको मध्यावधि निर्वाचनपछि उनी संसद्मा प्रमुख प्रतिपक्षी दलको नेता बनेका थिए । २०५२ सालमा एमाले नेता मनमोहन अधिकारी नेतृत्वको अल्पमतको सरकार ढलेपछि उनी पहिलोपटक संयुक्त सरकारको प्रधानमन्त्री बनेका थिए । त्यसबेला नेपालको संसदीय व्यवस्थामा कतिपय निकै आलोचित बनेका 'सुरा-सुन्दरी काण्ड' लगायतका घटनाहरू पनि भएका थिए ।

त्यस्तै उनलाई नेपालको इतिहासमा पहिलोपटक सबैभन्दा धेरै मन्त्रीहरू सामेल गरेर मन्त्रिमण्डल गठन गर्ने व्यक्तिका रूपमा पनि कैयौँले स्मरण गर्ने गर्छन् । २०५२ सालमा देउवा नै प्रधानमन्त्री भएका बेला बाबुराम भट्टराई लगायतले ४० बुँदे मागपत्र बुझाएका थिए र त्यो पूरा नभएको भन्दै त्यसै वर्ष फागुन १ गतेदेखि माओवादीले देशमा सशस्त्र विद्रोह शुरु गरेको थियो ।

२०५६ सालमा डडेलधुराबाटै निर्वाचित भएका देउवा २०५८ साल साउनमा दोस्रोपटक प्रधानमन्त्री बनेका थिए । त्यसै वर्ष असोज १८ गते राजा ज्ञानेन्द्रले उनलाई पदच्युत गरे । ज्ञानेन्द्रको उक्त कदमविरुद्ध पाँच दल आन्दोलित बने । त्यसपछि २०६१ साल जेठमा राजा ज्ञानेन्द्रले देउवालाई प्रधानमन्त्रीमा पुनर्स्थापित गरे ।

तर, फेरि ज्ञानेन्द्रले २०६१ साल माघ १९मा सत्ता आफ्नै हातमा लिँदै देउवालाई हटाएका थिए । त्यसपछि देउवालाई राजाले गठन गरेको शाही आयोगले भ्रष्टाचार अभियोग लगाएको थियो । उक्त आयोगलाई अवैधानिक भन्दै बयान दिन अस्वीकार गरेका देउवालाई शाही सरकारले भ्रष्टाचारको अभियोगमा पक्राउ समेत गरेको थियो । तर, पछि सर्वोच्च अदालतले उक्त आयोगलाई नै खारेज गरिदिएपछि उनी छुटेका थिए ।

**पार्टी विभाजन**

गिरिजाप्रसाद कोइरालासँगको अन्तरद्वन्द्वका कारण उनले २०५९ सालमा नेपाली कांग्रेसलाई फुटाएर नेपाली कांग्रेस (प्रजातान्त्रिक) गठन गरेर त्यसको सभापति भएका थिए । २०६२/६३ सालको जनआन्दोलनपछि २०६४ सालमा देउवाको उक्त पार्टी पुनः नेपाली कांग्रेसमा एकीकृत भयो ।

नेपालमा गणतन्त्र स्थापनापश्चात् देउवा २०७४ सालमा पुनः चौथो पटक प्रधानमन्त्री बनेका थिए ।

उनकै पालामा नेपालमा नयाँ संविधान लागू भएपछिको पहिलो आम निर्वाचन सम्पन्न भएको थियो । २०७२ साल फागुनमा भएको १३ औं पार्टी महाधिवेशनबाट नेपाली कांग्रेसको सभापति चुनिएका देउवा प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलको नेता रहेका थिए ।

सन् २००८देखि २०१२ सम्म सोस्यलिस्ट इन्टरन्याशनलको उपाध्यक्ष समेत रहिसकेका देउवाले त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा स्नातकोत्तर तथा कानूनमा स्नातक गरेका छन् । सन् १९८९ देखि १९९० सम्म उनी लण्डन स्कूल अफ इकोनोमिक्समा राजनीतिशास्त्रको रिसर्च फेलो रहेका थिए । उनी वर्तमान प्रतिनिधिसभामा डडेलधुरा जिल्लाबाट निर्वाचित सांसद हुन् ।

**देउवाको प्रधानमन्त्री नियुक्तिमा संविधानको धारा नै गायब !**

सर्वोच्च अदालतले तोकेको २८ घण्टाको समय एक घण्टा मात्र बाँकी रहँदा राष्ट्रपति विद्यादेवी भण्डारीले शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्ति गरेकी थिइन् ।

सर्वोच्चले सोमबार दिउँसो संसद पुनर्स्थापना गर्दै १४९ सांसदको समर्थन पाएका देउवालाई २९ गते साँझ ५ बजेसम्ममा प्रधानमन्त्री नियुक्त गर्न परमादेश

*(बाँकी अन्तिम पृष्ठमा)*

## ओलीको बहिर्गमन



**काठमाडौं, असार २९।** सर्वोच्च अदालतको परमादेशपछि प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार अपदस्थ बनेको छ ।

सर्वोच्चको परमादेशले पदच्युत भएका ओलीले सरकारी निवास बालुवाटार छोड्नु अघि मंगलवार दिउँसो देशवासीका नाममा सम्बोधन गर्दै आफ्नो सरकार सफल भएको दावी गरे । ओलीले सर्वोच्च अदालतले गरेको फैसलाबारे केही प्रश्नहरू उठाएका छन् ।

यद्यपि उनले सर्वोच्चले गरेको फैसलालाई आफूले मान्ने बताए । ओलीले अदालतको फैसलाप्रति असन्तुष्टि व्यक्त गर्दै भने- अदालतको फैसला अनुचित छ । हाम्रा विरुद्ध छ । संवैधानिक हिसाबले हेर्ने हो भने त्यो उपयुक्त छैन । जे भए पनि अदालतको फैसलालाई मानेर त्यसलाई कार्यान्वयन गरेर हामी अगाडि बढ्छौँ ।

ओलीले सर्वोच्चको फैसलाले 'लोकतन्त्रमाथि विश्वास गर्ने सबैलाई चिन्तित तुल्याएको' बताएका छन् । उनले सर्वोच्चको फैसलालाई इङ्गित गर्दै राज्यका अङ्गहरूको नियन्त्रण र सन्तुलन गुम्दा त्यसले कहिल्यै पनि लोकतन्त्रलाई राम्रो नगर्ने दाबी गरेका छन् ।

अहिलेको फैसलाले कतिपयमा विजय उन्माद देखिएको भन्दै उनले भने- 'विगतमा पनि यस्ता विजय उन्माद हामीले देखेका हौँ । तर, कालान्तरमा ती खुशीहरू र लोकतन्त्र गुम्दाको कुरा बिर्सिएका छैनौँ ।' जनप्रतिनिधिमूलक संस्थाका गतिविधिलाई अन्त लगिएमा त्यसले भविष्यमा दुष्परिणाम निम्त्याउने ओलीको भनाइ छ । उनले आफूलाई राज्यका अङ्गहरूबीचको सन्तुलन बिग्रिएर लोकतन्त्र नै खतरामा पर्ला कि भन्ने चिन्ता लागेको बताए ।

सर्वोच्च अदालतले सांसद्हरूलाई दलीय कारबाही नहुने भनी गरेको निर्णयप्रति पनि ओलीले आपत्ति जनाए । उनले उक्त निर्णयलाई उल्लेख गर्दै भने- त्यसले दलीय प्रणालीलाई चुनौति दिने काम गरेको छ । उनले दलले उम्मेदवार बनाएको र दलकै घोषणापत्रबाट चुनाव लडेर जितेको व्यक्तिले सांसद बनेपछि जो कसैलाई समर्थन गर्ने वा भोट हाल्ने भन्ने कुरा लोकतन्त्रका लागि ठीक नभएको बताए । ओलीले भने- सत्ता र प्रतिपक्ष एउटै दलको व्यक्ति हुन सक्दैन ।

राजनीतिक प्रश्नको फैसला गर्ने काम मुख्य रूपमा दलको भएको भन्दै ओलीले 'अत्यधिक न्यायिक सक्रियता' देखिएको पनि उल्लेख गरे । उनले आफू जनादेशबाट निर्वाचित भएर आएको र अहिले चाहिँ परमादेशबाट बाहिरिन लागेको बताए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## प्रहरीका असईबाट अदालत कर्मचारी विमलाको हत्या



**इलाम, असार २९।** उच्च अदालत बिराटनगर, इलाम इजलासमा कार्यरत महिलाको हत्या उनी कार्यरत कार्यालयका सुरक्षा गार्ड प्रहरी सहायक निरीक्षकबाटै भएको पुष्टि भएको छ ।

जिल्ला सोलुखुम्बू, सल्यान गाउँपालिका घर भई इलाम नगरपालिका-७मा भाडामा बसोबास गरी सोही कार्यालयमा कार्यरत ४८ बर्षीया बिमला देवी निरौला पराजुली २८ गते सोमवार बिहान अन्दाजी ७ बजेको समयमा कार्यालय परिसरमा मृत फेला परेकी थिइन् ।

एक जना महिला मृत अवस्थामा रहेको भन्ने सूचना पाए लगत्तै जिल्ला प्रहरी कार्यालय इलामबाट प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठसहितको प्रहरी टोलीले घटनाको बारेमा अनुसन्धान शुरु गरेको थियो । थप अनुसन्धानको लागि संघीय प्रहरी इकाई धरानबाट तालिम प्राप्त कुकुरसहितको बिशेषज्ञ टोली झिकाई अनुसन्धान गर्ने क्रममा सोही कार्यालयमा सुरक्षा गार्डको रुपमा कार्यरत ३५ बर्षीय युवराज बानियाँको संग्लग्नता रहेको देखिएसँगै बानियाँलाई पक्राउ गरिएको हो ।

पक्राउ परेका बानियाले उक्त घटनामा आफ्नो संग्लग्नता रहेको स्वीकार गरेको र घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । दुई जनाबीच चल्दै आएको अनुचित सम्बन्ध र आर्थिक लेनदेन घटनाको कारक भएको बताइएको छ ।




बाल्मीकि एजुकेशन फाउण्डेशन

**बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना**

Balmiki Education Foundation

शैक्षिक सत्र २०७८का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशन**मा **नर्सरीदेखि कक्षा ८** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।**

**भर्नाः २०७८ असार ६ गते आइतवारदेखि । समय :** विहान १० बजेदेखि १ बजेसम्म

विस्तृत जानकारीका लागि
**बाल्मीकि एजुकेशन फाउण्डेशन**
बिर्तामोड-१, झापा
०२३-५४०१९५/ ५४२८२०

# सूचना

- निर्धारित मोलभन्दा बढी मोल लिई मालवस्तु विक्री गरी कालोबजारी गर्ने, अत्यधिक मुनाफा लिने, मालवस्तुको विचलन जम्माखोरी तथा कृत्रिम अभाव सिर्जना गर्ने, झुक्याई विक्री वितरण गर्ने जस्ता गैरकानूनी क्रियाकलापहरु नगरौं र नगराऔं ।
- सार्वजनिक यातायात स्वच्छ प्रतिस्पर्धा कायम गरौं । आपसी सम्झौताका आधारमा आलोपालो प्रणाली (सिण्डिकेट) लगाई उपभोक्ताहरुलाई ठगी गर्ने काम बन्द गरौं र गराऔं ।
- सबै सामानहरुको अद्यावधिक मूल्य सूची पसलमा राखौं र तोकिएको मूल्यभन्दा बढी मूल्य नलिऔं । उपभोक्ताहरुले मूल्य सूची राखे नराखेको हेरी मूल्य भिडाई मात्र सामान खरिद गर्ने बानी बसालौं ।
- कमसल तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वस्तुको उत्पादन, विक्री वितरण नगरौं र नगराऔं । उपभोक्तालाई झुक्याउने गरी वस्तुको नक्कल गर्ने, निम्नस्तरको वस्तु वा सेवालाई उच्चस्तरको भनी ढाँट्ने वा झुक्याउने, झुट्टा वा भ्रमात्मक प्रचारप्रसार गर्ने काम नगरौं ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

# पत्रकार पौडेललाई भानु पत्रकारिता पुरस्कार



**काँकरभिट्टा, असार २९।** जन-संसद् दैनिकका प्रधान सम्पादक मुक्ति पौडेल पुरस्कृत भएका छन् ।

भानुभक्त आचार्यको २०८औं जन्मजयन्तीको अवसरमा काँकरभिट्टामा मंगलबार आयोजित कार्यक्रमकाबीच पत्रकार मुक्ति पौडेललाई भानु पत्रकारिता पुरस्कारबाट पुरस्कृत गरिएको हो । १९ बर्षदेखि पत्रकारितामा क्रियाशील पौडेल प्रेस चौतारी झापाका अध्यक्ष समेत हुन् ।

भानु साहित्यिक प्रतिष्ठानले भानु जयन्तीको अवसरमा पत्रकार पौडेललाई पत्रकारिताको क्षेत्रमा लामो समय काम गर्दै नेपाली साहित्य र समाजलाई पुर्याएको योगदानको कदर गर्दै पुरस्कृत गरेको हो ।

पौडेललाई प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य राम कार्की, प्रतिष्ठानका अध्यक्ष कृष्णप्रसाद उप्रेती, संविधान सभा सदस्य रवीन कोइराला, प्रदेश सभा सदस्य श्रीप्रसाद मैनाली, मेचीनगर नगर प्रमुख विमल आचार्यलगायतले नगद २१ हजार रुपैयाँ, दोसल्ला, सम्मान पत्र तथा ढाका टोपीसहित पौडेललाई सम्मान गरेका थिए ।

कार्यक्रमका वक्ताहरुले नेपाली साहित्यको क्षेत्रमा भानुभक्तले पुऱ्याएको योगदानको चर्चा गरेका थिए । सो अवसरमा प्रमुख अतिथि कार्की, अतिथिहरु संविधान सभा सदस्य कोइराला, प्रदेश सभा सदस्य मैनाली, प्राज्ञ सदस्य शुभद्रा अर्याल, नगर प्रमुख आचार्य, नेपाल पत्रकार महासंघका संस्थापक महासचिव चन्द्र भण्डारीलगायतले मन्तव्य राखेका थिए ।

प्रतिष्ठानका अध्यक्ष उप्रेतीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत प्रतिष्ठानका उपाध्यक्ष डिल्लीराम घिमिरे तथा सञ्चालन प्रतिष्ठानका सचिव सुशील आचार्यले गरेका थिए ।

काँकरभिट्टा बहुमुखी क्याम्पसको सभाहलमा आयोजित कार्यक्रममा मेचीनगरका साहित्यिक व्यक्तित्व, पत्रकार तथा संघ-संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# मेचीको मल्हम मेलम्चीलाई

**झापा, असार २९।** असारको दोस्रो साता अबिरल बर्षा पछि आएको बाढी र पहिरोको कारण बिस्थापित बनेका सिन्धुपाल्चोकका मेलम्ची, हेलम्बु र पाँचपोखरीका स्थानीयलाई सहयोग हस्तान्तरण गरिएको छ ।

सहयोग सामग्री लिएर सोमबार बाढी प्रभावित क्षेत्र पुगेका नेपाली कांग्रेसका प्रवक्ता बिश्वप्रकाश शर्माले प्रभावित परिवारहरुलाई नगदसहित सहयोग सामग्री हस्तान्तरण गरेका थिए ।

झापाको मेची अभियानको समेत सहकार्यमा १० लाख २० हजार ८ सय ६३ रुपैयाँ नगद र दनुवार वस्तीका १०९ घरका लागि एक/एक बोराका दरले खाद्यान्न चामल सहयोग सामग्रीको व्यवस्थापन गरी बाढी प्रभावित स्थानीयहरुलाई उपलब्ध गराइएको शर्माले बताए ।

उक्त रकममध्ये ६ लाख ४० हजार पोर्चुगलमा रहेका नेपालीबाट संकलन भएको हो । एनआरएन पोर्चुगलका वरिष्ठ उपाध्यक्ष भीमसेन थापाको संयोजकत्वमा गठित समितिले रकम संकलन गरी शर्मालाई पठाएको थियो । जर्मनीबाट नेन्सी मेयरले दुई लाख १० हजार आठ सय ५४ रुपैयाँ पठाएकी थिइन् भने झापा मेचीनगरको मेची अभियानकोतर्फबाट ६० हजार रुपैयाँ प्रदान गरिएको थियो ।

त्यस्तै अष्ट्रेलियाबाट कञ्चन खड्काले ५० हजार, कांग्रेस सिन्धुपाल्चोकका सचिव झलक नेपालले ५० हजार र स्थानीय पार्टी कार्यकर्ता इन्द्रलोचन धितालले १० हजार रुपैयाँ प्रदान गरेको बताइएको छ । उक्त रकम विभिन्न मापदण्ड बनाएर पीडितलाई प्रदान गरिएको थियो ।



कांग्रेस प्रवक्ता शर्मासँगै मेलम्चीका पीडितलाई मल्हम्पट्टि गर्न प्रेमध्वज लामा, डा. डिल्ली भण्डारी, दिनेश थापामगर, दिव्यराज पोखरेल, महेश खनाल, ध्रुव लुइँटेल, राजु काफ्ले, महेन्द्र बस्नेत, झलक नेपालसहितको टोली त्यहाँ पुगेको थियो । सहयोग हस्तान्तरणपछि स्थानीयले भने- सात समुद्रपारिदेखि सहयोग पठाउनुहुने सबै मानवीय नेपाली मन र मेची किनारको मेची अभियानलाई स्थानीय वासिन्दाकोतर्फबाट धेरै आभार र धन्यवाद ।

# १५ लाख बराबरको काठ बरामद



**झापा, असार २९।** तस्कर समूहले इलामको वन जङ्गलबाट सखुवाको काठ चोरी निकासीको माध्यमबाट झापा ल्याउने गरेको पाइएको छ ।

सशस्त्र प्रहरीले कनकाई नदीबाट ठुलो परिणामको सखुवा जातको गोलिया काठ बरामद गरेपछि काठ तस्कर गिरोह यस्तो धन्दामा सक्रिय रहेको पाइएको हो ।

सशस्त्र प्रहरीले कनकाई नगरपालिका-४ र शिवसताक्षी नगरपालिका- १ सीमाबाट बग्ने कनकाई नदीबाट करिब १५ लाख मूल्य बराबरको गोलिया काठ बरामद गरेको छ । तस्करले कनकाई नदीबाट बगाएर गोलिया काठ ल्याइरहेको विशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण झापाका एसपी रमेशकुमार पाण्डे नेतृत्वमा खटिएको टोलीले ३९७.१९ क्यूफिट काठ बरामद गरेको हो ।

सशस्त्र प्रहरीले सोमबार दिउँसो नदीमा काठ फेला पारेको थियो । नदीबाट ठूल्ठूला गोलिया काठ निकाल्न सशस्त्र प्रहरीलाई रातभर लागेको एसपी पाण्डेले बताए । बरामद गरिएको काठलाई आवश्यक कारबाहीका लागि सबडिभिजन वन कार्यालय सुरुङ्गामा मङ्गलवार बुझाएको उनले बताए ।

त्यस्तै गत शनिवार प्रहरीले झापाको बुद्धशान्ति गाउँपालिका-१ होक्सेबाट अवैध सखुवाको काठ बरामद गरेको थियो । बुद्धशान्ति-१ होक्सेबाट मे १ त २७४७ नम्बरको ट्याक्टरबाट प्रहरीले गोलिया १८ थान २६.७१ क्यूफिट र चिरान फेन्टा ९ थान १५.८६ क्यूफिट गरी जम्मा ४२.५६ क्यूफिट काठ बरामद गरेको प्रहरी कार्यालय झापाले जनाएको छ । त्रिपालले छोपेर बुधवारेतर्फ ल्याउँदै गरेको अवस्थामा प्रहरीले उक्त काठ फेला पारेको हो ।

सादा पोशाकमा खटिएका प्रहरीलाई देखेर चालकले ट्याक्टर छाडेर भागेका थिए । बरामद गरिएको काठलाई आवश्यक कारबाहीको लागि माई सब डिभिजन वन कार्यालय माई इलाम बुझाएको जनाइएको छ । बरामद गरिएको उक्त काठ इलामको वनजंगलबाट तस्करीको माध्यमबाट झापा ल्याउने खोजिएको प्रहरीले जनाएको छ ।

# हेमरमको आँखाको सफल शल्यक्रिया



**बिर्तामोड, असार २९।** प्रजातन्त्र सेनानी स्व. तुर्सा हेमरमकी बुहारी सुरजनी हेमरमको आँखाको सफल शल्यक्रिया भएको छ ।

विगत दुई वर्षदेखि दुबै आँखा बन्द भई कष्टकर जीवन बिताइरहेकी हेमरमको आँखाको शल्यक्रिया बिर्ता आँखा अस्पतालमा गरिएको हो ।

कनकाई-३ स्थित तुर्सा हेमरम स्मृति प्रतिष्ठानको पहलमा यसअघि नै उनको आँखाको शल्यक्रियाको प्रक्रिया थालिएकोमा पारिवारिक कारणले उपचार हुन सकेको थिएन । प्रतिष्ठानका सभापति गोपालकुमार बस्नेतको अग्रसरतामा बिर्तामोड-१स्थित बिर्ता आँखा अस्पतालमा सोमबार सुरजमनीको एउटा आँखाको शल्यक्रिया सम्पन्न भएको हो ।

नेपाली कांग्रेस झापाका वरिष्ठ सदस्य देउकुमार थेवेका अनुसार सुरजमनी अहिले झापा गाउँपालिकाको शरणामतीस्थित निवासमा रहेकी छन् । दुबै आँखा पुरै बन्द भएकी सुरजमनीले अहिले एउटा आँखाले धमिलो देख्न थालेको बताए । डाक्टर राजेश प्रधानले अस्पतालका तर्फबाट प्रजातन्त्त सेनानीको बुहारी सुरजमनीको उपचार खर्च व्यहोरेको प्रतिष्ठानका सभापति बस्नेतले जानकारी दिए ।

मोतीयाविन्दुले दुबै आँखा बनद भएकी सुरजमनीको अर्को आँखाको शल्यक्रिया दुई महिनापछि गर्ने बताइएको छ । दुबै आँखा बन्द भएर कष्टकर जीवन बिताइरहेकी सुरजमनीको उपचार गरेर संसार देखाउन मानवीय सेवा गर्नु हुने डा. प्रधान र अस्पताललाई वरिष्ठ सदस्य थेवेले धन्यवाद दिएका छन् ।

## डुबेर एकको मृत्यु

**मोरङ, असार २९।** मोरङ जहदा-२ स्थित मुसहरी टोल बस्ने ४० बर्षीय दिलचन रिषिदेवको डुबेर मृत्यु भएको छ ।

आफ्नै घर नजिकै हिडिरहेको अवस्थामा एक्कासी लडेर पानी जमेको खाल्डोमा पर्दा उनको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको । घटना सम्बन्धमा प्रहरी टोली खटी गई कानूनी कार्बाही भइरहेको छ ।

## ओलीको ...

उनले भने- 'आज फेरि जनताको जनादेशले होइन, जनताको आदेश त मेरो पक्षमा थियो, सर्वोच्चको परमादेश शेरबहादुर देउवाको पक्षमा भयो । त्यस कारण सर्वोच्चको परमादेशको कारण सरकारको जिम्मेवारीबाट बिदा लिँदै छु ।

सरकारबाट बाहिरिनु परेकोको विषयमा मलाई रत्तीभर चिन्ता छैन- उनले भने । उनले आफूलाई बाहिरिनुपर्दा कुनै पनि चिन्ता नलागेको पनि बताए । आफूले जनहितमा काम गरेकाले आफूलाई त्यस्तो चिन्ता नभएको उनले दाबी गरे । आफ्नो कार्यकालमा गरिएका कामको फेहरिस्त सुनाएका ओलीले चाँडै सबै नेपालीले खोप पाउने पुनः दोहोऱ्याएका थिए ।

ओलीले बाँकी अवधि संसद् चलोस् र समयमै निर्वाचन होस् भन्ने आफ्नो कामना भए पनि त्यसमा आफूलाई शङ्का लागेको बताए । आफ्नै पार्टीका नेताहरूको भूमिकाको आलोचना गरेका ओलीले विपक्षीलाई सहयोग गर्ने र आफ्नै सरकार ढाल्न खोज्ने प्रवृत्ति देखिएको बताए । त्यो कार्यलाई उनले 'आपराधिक कार्य' भनेका छन् । यद्यपि उनले पार्टीका कार्यकर्तालाई धैर्य नगुमाउन पनि आग्रह गरे ।

## देउवा ...

दिएको थियो ।

मंगलबार ५ बज्न एक घण्टा अगाडि राष्ट्रपति कार्यालयले विज्ञप्ति निकालेर देउवालाई प्रधानमन्त्री नियुक्त गरिएको जानकारी दिएको थियो । राष्ट्रपति कार्यालयका सहायक प्रवक्ताद्वारा जारी विज्ञप्तिमा भनिएको छ- 'सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीबाट श्री सर्वोच्च अदालत, संवैधानिक इजलासको मिति २०७८/०३/२८को फैसला बमोजिम प्रतिनिधिसभाका सदस्य एवम् नेपाली कांग्रेस संसदीय दलका नेता माननीय श्री शेरबहादुर देउवाज्यूलाई प्रधानमन्त्री पदमा नियुक्त गर्नुभएको छ ।'

संविधानको कुन धारा अनुसार देउवालाई प्रधानमन्त्री नियुक्त गरिएको भन्ने राष्ट्रपति कार्यालयको विज्ञप्तिमा उल्लेख छैन । जबकि देउवाले संविधानको धारा ७६(५) अनुसार प्रधानमन्त्रीमा दाबी गरेका थिए, जसलाई राष्ट्रपतिले अस्वीकृत गरेकी थिइन् ।

देउवालाई निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र एमाले नेताहरुले 'जनादेशबाट होइन, परमादेशबाट नियुक्त प्रधानमन्त्री' भनेका छन् । राष्ट्रपति कार्यालयले देउवालाई सर्वोच्चको फैसला बमोजिम प्रधानमन्त्री नियुक्त गरेको बताएको छ । साँझ ६ बजे देउवाले शपथ लिने भनिए पनि राष्ट्रपतिको कार्यालयबाट संविधानको धारा ७६(५) अनुसार प्रधानमन्त्री भएको भन्ने उल्लेख नगर्दा उनले शपथ लिएका थिएनन् । राष्ट्रपति कार्यालयबाट संविधानको धारा सच्याउँदै पुनः शपथ गराउने भनेपछि मात्रै प्रधानमन्त्री देउवाले राति ८:३० बजे शपथ ग्रहण गरेका थिए । शपथ ग्रहणसँगै उनले चार सदस्यीय मन्त्रिमण्डल गठन गरेका हुन् ।


**सस्तोमा जग्गा बिक्रीमा**

झापाको कनकाई नपा-४ कृषि मार्गस्थित ५० फुटे बाटोमा १०० धुर तथा पर्यटकीय स्थल सिमसार जाने बाटोमा ३५ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ ।

**सम्पर्कः ९८०८४५६५५१**

**अर्जुनधारा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, झापा

**सिलबन्दी दरभाउपत्रको BOQ संशोधन गरिएको बारे सूचना**

(प्रथमपटक प्रकाशित मिति २०७८/०३/३०)

यस कार्यालयबाट मिति २०७८/०३/२१ मा प्रकाशित सम्बन्धी शिलबन्दी दरभाउपत्रको BOQ मा मिति २०७८/०३/२९ गतेको निर्णयानुसार संशोधन गरिएको हुँदा सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । संशोधित BOQ सहितको Bid Addendum Document सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np.egp बाट डाउनलोड गरी हेर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

**भावपूर्ण श्रद्धाञ्जली/समवेदना**

यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो । रोजी फूल थियो झऱ्यो नियतीले, संहार भो नष्ट भो ।।
हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ । हामीबाट कसोरी झट्ट अहिले, विदा नमागी गयौ ।।



जन्म वि.सं. २०५०/१२/०१

स्व. देउकुमारी बस्नेत (सृजना)

स्वर्गारोहण वि.सं. २०७८/03/२८

यस सृजनशील बचत तथा ऋण सहकारी संस्था लि.की अति मिलनसार तथा असल कर्मचारी **देउकुमारी बस्नेत (सृजना)**को यही मिति २०७८ असार २८ गते सोमबारका दिन भएको अकल्पनीय निधनले हामीलाई अत्यन्त स्तब्ध एवम् मर्माहत बनाएको छ । दुःखको यस क्षणमा गतआत्माको बैकुण्ठबास र सायुज्य मुक्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकको यस पीडादायी क्षणमा रहनुभएका सम्पूर्ण परिवारजनमा शोक सहन गर्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सृजनशील बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
बिर्तामोड, झापा

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**कनकाई नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
जामनुबारी, (प्रदेश नं. १) झापा

**सूचना ! सूचना !! सूचना !!!**

(प्रथमपटक प्रकाशित मिति २०७८/०३/३०)

यस कनकाई नगरपालिकाले आफ्नो राजश्व संकलनका लागि शहरी विकास तथा भवन निर्माण विभागलाई प्रतिलिपि अधिकार रहेको राजश्व सफ्टवेयर प्रयोग गर्दै आएको छ । उक्त राजश्व सफ्टवेयर सञ्चालनका लागि परामर्श सेवाको काम सफ्टेक इन्फोसिस प्रा.लि.ले गरिरहेको छ । आ.व. २०७८।०७९ देखि कनकाई नगरपालिकाको सम्पत्ति कर, भूमिकर, व्यवसाय कर, वहाल कर तथा अन्य कर एवम् शुल्कहरु अनलाइनमार्फत भुक्तानी हुने व्यवस्था गर्न लागेकोले इच्छुक अनलाइन भुक्तानी सेवा प्रदायकले मिति २०७८।०४।०५ गते कार्यालय समयभित्र आफ्नो प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**मोहनप्रसाद न्यौपानेः प्रमुख प्रशासकीय अधिकृत**

**जानकारी सम्बन्धमा**

मिति २०७८/०३/२४ गते बसेको कार्यसमितिको निर्णय अनुसार विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ को प्रकोपले लामो समयसम्म बन्द रहेका होटल व्यवसायीको समस्यालाई मध्यनजर गरी विगतदेखि नवीकरण गर्न छुट भएका र नयाँ दर्ता गर्नुहुने व्यवसायीहरुको लागि निम्न छुटको व्यवस्था मिलाइएको हुँदा सम्पूर्ण व्यवसायीहरुले उल्लेखित सुविधा लिनुहुन तोकिएको समयभित्र नयाँ दर्ता, नवीकरण गराउन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

निम्न :
- आ.व. २०७५/०७६ अगाडिको नवीकरण शुल्क १०० प्रतिशत छुट दिने ।
- आ.व. २०७६/०७७को १ वर्षको मात्र शुल्क लिने ।
साउन मसान्तसम्मको लागि ।
- आ.व. २०७७/०७८ को नियमित नवीकरणमा ५० प्रतिशत छुट दिने ।
साउनदेखि असोज मसान्तसम्म ।
- नयाँ दर्तामा पनि ५० प्रतिशत छुट सुविधा उपलब्ध छ ।
साउन मसान्तसम्मको लागि मात्र ।

**नोटः आन्तरिक राजश्व कार्यालयको आ.व. २०७७/०७८ को पान नम्बर नविकरण र अन्तशुल्कको प्रमाणपत्र नविकरण समयमै गर्नुहुन अनुरोध छ ।**
*उल्लेखित कामहरु संघमार्फत गरिने कुरा जानकारी गराइन्छ ।*

**इन्दिरा श्रेष्ठ : अध्यक्ष**
**होटल व्यवसायी संघ जिल्ला समिति, झापा**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# ऐतिहासिक फैसला

**व्यग्रतापूर्वक प्रतिक्षा गरिएको र कौतुहल रहेको राजनीतिक भविष्यको स्पष्ट तस्विर सार्वजनिक भएको छ । प्रधानमन्त्री केपी ओलीद्वारा प्रतिनिधिसभा विघटन गरेपछि उत्पन्न परिस्थितिले देश राजनीतिक रूपले अस्थिरतातर्फ उन्मुख भएको भन्दै सबै राजनीतिक दलहरू त्यसविरूद्ध उभिएका थिए । सत्तारूढ दल नेकपाभित्र उत्पन्न विवादलाई व्यवस्थापन गर्न नसक्दा सतहमै पुगेको अन्तरविरोध अन्तत: विभाजनको कारण बनियो । त्यसकै कारण भण्डै दुई तिहाइ नजिकको बहुमतबाट बनेको सरकार राजनीतिक घटनाक्रमले बिभाजित भई एकीकृत पूर्वको अवस्थामा खुम्चियो । त्यसपछि प्रम ओलीले दोस्रोपटक संसद विघटन गरेपछि उत्पन्न राजनीतिक परिस्थितिबाट एमालेभित्रै पानी बाराबारको अवस्था आयो र देश झनै जटिलतातर्फ धकेलियो ।**

**प्रधानमन्त्री निरङ्कुश बन्दै जाँदा लामो संघर्षबाट निर्माण भएको संविधानको मर्म र भावनामाथि कुठाराघात भएको निष्कर्षसहित अन्य शक्ति संविधान रक्षाका लागि अदालत गए । त्यही कारण सबैको ध्यान सर्वोच्च अदालतको फैसलातर्फ केन्द्रीत थियो । सर्वोच्चले लामो बहसपछि सोमबार प्रधानमन्त्री र राष्ट्रपतिबाट भएका निर्णयहरूलाई असवैधानिक ठहर गर्दै लिक बाहिर जान लागेको अनिश्चित यात्रालाई रोकेर न्यायालयको सर्वोच्चता र विधिको शासनप्रतिको बिश्वासलाई जोगाएको छ । सरकारको नेतृत्व गरेका ओलीलाई निरंकुश बन्न मलजल गर्ने उनका सल्लाहकार र नजिक रहेका पात्रहरूको गलत सल्लाहले इतिहासकै बलियो सरकार असमय ढल्न पुग्यो । आफ्नै दलभित्रको असमझदारीलाई व्यवस्थापन गर्न नसक्दाको परिणाम घातक हुनसक्छ भन्ने बिर्सिएर शक्ति र पदको दम्भ र अहङ्कारले विवेकलाई छोप्दाको यो अवस्था कसैले वेहोर्नु नपरोस् चेतना हुनुपर्छ ।**

**प्रधानमन्त्रीले गरेका पटक–पटकका निर्णयहरूलाई सर्वोच्च अदालतले असवैधानिक ठहर गरेको थियो । यसले कार्यकारी प्रमुखलाई संविधानको प्रयोग र पालनामा गम्भीर बनाउन सकेन । परिणामत दोस्रोपटक पनि संसद विघटन गरेर उनी झनै विवादमा फसे । यसपटक सर्वोच्च अदालतले संवैधानिक इजलास, एमिकस क्युरी र प्रधानमन्त्रीको निर्णयको पक्ष विपक्षका बहस, तर्क, आधार, प्रमाण र राय समेतमा छलफल पछि एकमतले फैसला गर्‍यो । प्रधानमन्त्रीको दाबी गरेका शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन परमादेश जारी गरेको सर्वोच्चले प्रतिनिधिसभाको अधिवेशन डाक्न निर्देशन दिएको छ । राष्ट्रपतिबाट संविधान अनुकूल कार्य नभएको ठहरसहितका निर्णय गरेर न्यायालयको गरिमा उच्च हुन्छ भन्ने प्रमाणित भएको कानून तथा संविधानका विज्ञहरूले टिप्पणी गरेका छन् । सर्वोच्चको यो फैसला ऐतिहासिक छ र यसले संविधानको मर्म र भावनामा प्रहार हुनुहुँदैन भन्ने नजिर पनि प्रस्तुत गरेको छ । शक्ति सन्तुलनको लागि निर्मित न्यायपालिका सभाको महत्व र उपादेयता अहिलेको सन्दर्भले अरू पुष्टि भएको छ ।**

# बेर्ना बैंक : परिचय र आवश्यकता



**रामचन्द्र उप्रेती**

नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एमएमसी) लि. झापाले शुरु गरेको तेश्रो व्यवसाय 'एमएमसी एकीकृत नमूना कृषि फार्म'मा गरिएका विभिन्न कृषि कर्म मध्येको एउटा काम बेर्ना बैंकको सञ्चालन हो। बेर्ना बैंकको शाब्दिक अर्थ बेर्ना भनेको बिरुवा र बैंक भनेको पाउने स्थान भन्ने बुझिन्छ। बिरुवा पाइने ठाउँलाई बेर्ना बैंक नामाकरण गरिएको हो। यसलाई चलनचल्तीको भाषामा नर्सरी पनि भन्न सकिन्छ। तर, एनएमसीले बेर्ना बैंक भनेर फरक नाम राख्नुको कारण भनेको नर्सरी भन्ने बित्तिकै फूल र फलका बिरुवा पाइने ठाउँ भन्ने बुझिन्छ। अहिलेका चल्तीका सबैजसो नर्सरीमा फलफूलका बिरुवा पाइन्छ। तर, तरकारीका बिरुवा पाइँदैन। यस्ता नर्सरीले तरकारीका बिरुवाको उत्पादन नगर्नु र नबेच्नुको कारण यस्ता बिरुवाको मूल्य थोरै हुन्छ। थोरै मूल्यमा बेचिने समानमा नाफा पनि थोरै हुन्छ।

बजारमा स्तरीय तरकारीका बिरुवा पाइँदैन। यो अभाव पूरा गर्न एनएमसीले मौसम अनुसारका स्तरीय जातका तरकारीका बेर्ना उत्पादन गरेर करेसाबारी, कौसी, छत र व्यावसायिकरुपमा खेती गर्न चाहने किसानलाई सहजरुपमा उपलब्ध गराउने उद्देश्य लिएको छ। एनएमसीले २०७४/०७५ सालदेखि नै तरकारीमा करेला र कुरिलोको बिरुवा उत्पादन गरेर सदस्यहरुलाई बिक्री गरेका थियौं। यसको नतिजा राम्रो देखियो। जब एनएमसी एकीकृत नमूना कृषि फार्मको शुरुवात गरियो तब स्तरीय जातका तरकारीका बेर्ना उत्पादन गर्ने र सहुलियत मूल्यमा बिक्री गर्न शुरु गरियो। त्यसैले यो काम चल्तीका नर्सरीकोभन्दा फरक भएकाले यसलाई नर्सरी नभनेर बेर्ना बैंक नामकरण गरियो।

**बेर्ना बैंकको आवश्यकता किन ?**

सबैको चाहना हुन्छ भान्सामा चाहिने तरकारी ताजा र बिषादि मुक्त होस्। कम मूल्यमा किन्न पाइयोस्। तर, यो चाहना पूरा हुन सकेको छैन। पहिला हामी खानामा भातलाई प्रमुख मान्थ्यौं। अहिले बढेको स्वास्थ सचेतना र घटेको शारीरिक श्रमका कारण सन्तुलित भोजनको प्रयोग बढेको छ। सन्तुलित भोजनमा तरकारी, सलाद, फलफूल र प्रोटिनका श्रोत माछामासु, अण्डा, घिउतेल, दूधजन्य पदार्थ आदिको प्रयोग बढेको छ। नियमित भान्सामा प्रयोग हुने तरकारी र सलादको स्रोत बजार बनेको छ। बजारमा पाइने यस्ता वस्तु न हामीले चाहे जस्तो ताजा र विषादीमुक्त छन् न त कम मूल्यमा नै पाइन्छ। त्यसैले हामी बाध्य भएर बजारले जुराइदिएको बासी, विषादीयुक्त र महङ्गो मूल्यमा किनेर भान्साको छाक टार्न बाध्य छौं।

पहिला गाउँघरमा बारीमा भएको सागसब्जी नै धेरै प्रयोग हुन्थ्यो। खाँचो नहोस् भनेर मौसम अनुसारका तरकारी फलाउने उद्यम गरिन्थ्यो। यस्तो उद्यम खास गरेर परिवारमा महिलाहरुले गर्नुहुन्थ्यो। रैथाने बीऊहरु जोगाएर राख्ने गरिन्थ्यो। बीऊ जोगाउन चुल्हो, अगेनो माथि धुँवा आउने स्थानमा पोका पारेर राखिन्थ्यो। यसो गर्दा बीऊ जोगिन्थ्यो। किरा लाग्दैनथ्यो। तर, अहिले धुँवा आउने सबै चुल्हो विस्थापित भए। बारीमा रैथाने बीऊ उत्पादन हुन छाड्यो। युवा शहर पस्ने र विदेश जाने क्रम बढ्यो। युवा खेतबारीमा देखिन छाडे। पुरानो पुस्ताले अब धान्न नसक्ने हुँदै गयो। त्यसैले बारी बाँझै हुन थाले। बिप्रेषण (रेमिट)ले भान्साको खर्च धान्न सजिलो भयो। रेमिटको आम्दानी र शहरी जीवनका कारण भान्सामा खपत हुने शतप्रतिशत तरकारीमा हामी बजारको भर पर्न थाल्यौं। यसले हाम्रो खानामा विषादीको मात्रा बढ्दै गयो। शारीरिक श्रम घट्दै गयो। क्यान्सर, मधुमेह, मुटुरोग जस्ता खर्चिला र प्राणघातक रोग बाक्लिदै गयो। आज हामी यस्ता रोगको शिकार हुन थालेका छौं।

हामीमध्ये धेरैलाई करेसाबारीमा, कौशीमा, छतमा आफ्नो लागि तरकारी, सागसब्जी उब्जाउने रहर छ। कतिपयले यो शुरु पनि गर्नुभएको छ। तर, यसमा पनि समस्या छन्। बजारमा पाइने बीऊको बारेमा धेरै जानकारी छैन। कहिले, कुन सिजनमा, के लगाउने थाह छैन। कुन जातको राम्रो हुन्छ अथवा हाम्रा लागि कुन उपयुक्त हो जानकारी छैन। बीऊबिजनका पसल ( एग्रोभेट)मा गएर बीऊ किन्दा कुन ठीक कुन बेठिक थाह हुँदैन। पसलेले जुन थियो त्यही ल्याउनुपर्ने बाध्यता छ। सस्तोमा किनेको बीऊको उमार क्षमता कम हुने, उम्रीहालेमा फल कम लाग्ने, फल लागि हालेमा कुहिएर झर्ने जस्ता समस्या हुन्छन्। मलको श्रोत छैन। त्यसैले गर्न चाहनेले पनि गर्न सकेका छैनन्। जसले गरेका छन् तिनले निकै मेहनत गरेर मात्रै सफल हुन सकेका छन्।



स्तरीय अर्थात् राम्रो जानका बीऊ निकै महङ्गा हुन्छन्। प्याकेटमा किन्नुपर्दा आफूलाई चाहिनेभन्दा धेरै हुन्छ। धेरै किनेर थोरै प्रयोग गर्दा झन् महङ्गो पर्न जान्छ। कुन सिजनमा कुन बिरुवाका लागि कस्तो तापक्रमको आवश्यकता पर्छ त्यो नसिकी जानिँदैन। यी र यस्ता अनेक ज्ञान सबैमा हुँदैन। त्यसैले चाहिएको बीऊ किनेर सानो-सानो तरकारी खेती गर्न सजिलो छैन। त्यही भएर चाहेर पनि घर-घरमा आफूलाई चाहिने जति वा केही मात्रामा भए पनि तरकारी उत्पादन गर्न असहज हुने गरेको छ। एनएमसी बेर्ना बैंकको उद्देश्य सिजन र मौसम अनुसारका तरकारीका बिरुवा रोप्न योग्य भएपछि बिक्री गर्नु, बिक्रीपछि पनि रोप्ने हुर्काउने तरिकाका बारेमा जानकारी दिनु हो। कौशी, छत र सानो करेसाबारीमा चाहिने जैविक मल र जैविक विषादी एवम् प्रविधि उपलब्ध गराउनु हो।

**एनएमसीको अनुभव :**

एनएमसीले २०७४/७५ सालबाट बेर्नाको अवधारणा ल्याएर बेर्ना उत्पादन र बिक्री गर्न शुरु गरेको हो। २०७७/०७८ सम्म आइपुग्दा एनएमसी एकीकृत नमूना कृषिफार्ममा बेर्ना बैंकको छुट्टै युनिट खडा गरेर टनेलभित्र तरकारीका विभिन्न जातका बिरुवा जस्तैः कुरिलो, टमाटर, लौका, फर्सी, काँक्रा, घिरौला, चिचिण्डो, बैगुन, भिन्डी, सजिउन, बन्दा, फूलकोपी, खुर्सानी, क्याप्सिकन लगायतका दर्जनौं जातका लाखौं बिरुवा बिक्री गरिसकेका छौं। घाँसको सुपरनेपियरको बिरुवा पनि करिब एक लाख जति बेचियो। यी बेचिएका बिरुवाले पक्कै केही राम्रो नतिजा दिएका छन्। त्यसैले बिरुवा लिएर जानेहरु पटक-पटक सिजन अनुसारका बिरुवा लिन दोहोर्‍याएर आउनुभएको छ।

**वडा–वडामा बेर्ना बैंकको स्थापना :**

एनएमसीले नमूना कृषि फार्म (मेचीनगर-१४, झापा)मा सञ्चालन गरेको बेर्ना बैंकले सबैलाई सेवा दिन सक्ने कुरै भएन। त्यसैले एनएमसीको चाहना छ यस्ता बेर्ना बैंक वडा-वडामा स्थापित गर्न सकियोस्। यो सम्भव मात्रै होइन निकै सजिलो पनि छ। एउटा परिवारको राम्रो रोजगारी घरमै बसेर हुन्छ। बेर्ना बैंक स्थापना गर्न सानो ठाउँ (१० धुरदेखि दुई कठ्ठासम्म) भए पुग्छ। एउटा साधारण टनेल भए हुन्छ। केही ठाउँ खुल्ला नै हुँदा राम्रो। टनेलमा माथिल्लो भागमा राख्ने प्लास्टिक बाहेक सबै स्थानिय सामग्री (बाँस, डोरी, तार) प्रयोग गर्न सकिन्छ। टनेलभित्र बाँसको ताक बनाउन सकिन्छ। भुइँमा ढ्याङ उठाउन सकिन्छ।

केही माटोको जोहो गर्ने, भएमा कोकोपिट प्रयोग गर्न सकिन्छ। बिरुवा उमार्न प्लास्टिकका ट्रे बजारमा किन्न पाइन्छ। प्लास्टिकका साइज अनुसारका थुङ्गा किन्न पाइन्छ। यस्ता ट्रे र थुङ्गामा माटो भरेर बीऊ राखी बिरुवा उमार्न सकिन्छ। यो काम गर्न धेरै पढेलेखेको हुनुपर्छ भन्ने पनि छैन। फेरि पढेलेखेकोले गर्न हुँदैन भन्ने पनि होइन। हप्ता दश दिनको तालिम लिएर यो व्यवसाय मज्जाले गर्न सकिन्छ। छोटो अवधिमा नै बिरुवा बेचेर पैसा लिन सकिन्छ। यस्तो तालिम र अन्य सपोर्ट लिन चाहनेका लागि एनएमसी सधैँ तयार छ।

**स्वास्थ हुन्छौं, खुशी बढ्छ**
**र पैसा बचाउन सकिन्छ :**

वडा-वडामा स्थिापित गर्न सकिने यस्ता बेर्ना बैंकले समाजमा र घर-घरमा तरकारी खेतीको बलियो आधार तयार गर्नेछन्। आफ्ना भान्सामा प्रयोग हुने वर्षभरिको तरकारीमध्ये हाम्रो चाहना र अलिकति परिश्रमले कति छाक आफ्नै करेसाबारी, छत एवम् कौशीमा उत्पादन गर्न सकिएला ? एक वर्षको ७३० छाक (दैनिक दुई छाक मात्रै मान्दा)मध्ये ५०, १००, २०० वा त्योभन्दा बढी पनि ? हामी जति छाक आफ्नो उत्पादन खान्छौं त्यति छाक विषादीमुक्त ताजा खायौं। पैसा बचायौं। तरकारी उत्पादनको ज्ञान सिक्यौं। परिवारका अरु सदस्यले सिके। बढी भएको छिमेकी, आफन्तलाई बाँडेर खुशी र प्रशंसा बटुल्न सक्छौं। अरुका लागि उदाहरण बन्न सक्छौं। राष्ट्रिय आम्दानी बढाउन सक्छौं, आयातलाई कम गर्न सक्छौं। सबैभन्दा महत्वपूर्ण कुरा आफ्नो र परिवारको स्वास्थ राम्रो बनाउन सक्छौं।

**व्यावसायिक तरकारी खेतीको आधार :**

त्यसैगरी अनुभव बढ्दै गएपछि छरछिमेकमा भएका जमिन वा आफ्नै जमिन प्रयोग गरेर व्यावसायिक तरकारी खेती शुरु गर्न सकिन्छ। नजिकै तरकारी फार्म देखेपछि मानिस सकेसम्म फार्ममै पुगेर तरकारी किन्न चाहन्छन्। सबैतिर बढ्दै गएको साना बजार र शहरको छेउछाउ यस्ता कृषिका तरकारी फार्महरु स्थापित हुने आधार बन्छ।

**सहयोग र हौसलाको खाँचो :**


वडामा बेर्ना बैंक जसले शुरु गर्नुहुन्छ उहाँलाई हौसला प्रदान गरौं। सके आफैंले गरौं। बेर्नाको मूल्य बढी भयो कहिल्यै नभनौं। उन्नत जातको स्तरीय बीऊ किन्दा धेरै नै महङ्गो पर्छ। यस्तो बीऊ विदेशबाट आयात हुन्छ। सस्तोमा बिक्री गर्न कमशल बीऊ किन्नु यो व्यावसायमा आत्मघाती कदम हुन्छ। यस्ता बिरुवा प्रति गोटा रु. पाँच, दश, बिस, तिसमा नै पाइन्छ। किनेर आफूले लगाउँ, छिमेकी र आफन्तलाई उपहार दिउँ। छेउमा बेर्ना बैंक स्थापना भयो भने सम्झनुहोस् समाजमा तरकारी उत्पादनको बलियो आधार बन्यो।

१२/१३ वर्ष लगाएर स्कूल पढाएका छोराछोरी एसईईमा राम्ररी सोचे जस्तो डिभिजनमा पास नहुन सक्छन्। १०/२० रुपैयाँ हालेर किनेको बिरुवा तपाई हाम्रै गल्तीले हुर्कन सकेन भने बिक्री गर्नेलाई गाली पनि नगरुँ। बरु अर्को किनु र राम्ररी स्याहार गरुँ। पालिकाहरुले, वडाले, सहकारीले बेर्ना बैंक स्थापना गर्न चाहने मानिसलाई सजिलो बनाउन सुविधा दिउँ। हौसला प्रदान गरौं। एनएमसी पनि यो काममा सघाउन तयार छ।

**व्यवसायसँगै सेवा पनि :**

बेर्ना बैंकसँगै प्रविधि समाजमा भित्रिन्छ, जैविक मल, जैविक विषादी बनाउन र बिक्री गर्न सकिन्छ, । क्रमशः आफ्नो ठाउँ र सिजन अनुसारका अरु फलफूलका बिरुवा उमार्न र समाजलाई आवश्यक परेको बिक्री गर्न सकिन्छ। बिरुवा बनाउन नमिल्ने साग, मुला, चुकन्दर, गाँजर आदिको स्तरीय बीऊ बिक्रीको आधार बन्न थाल्छ। समाजले नजिकैमा बीऊ र बिरुवा किन्न पाउँछन्। यो व्यवसाय गर्नेले व्यवसाय मात्रै होइन, ज्ञान आर्जन र समाजको ठूलो सेवा गरिरहेका हुनेछन्। केही समयमा नै उनलाई समाजले सम्झन थाल्नेछ। भेट हुँदा तपाईबाट लगेको बिरुवामा फल लाग्यो नि भनेर सुनाउँदा हुने खुशी पैसामा किन्न सकिँदैन। आफूले बिक्री गरेका बिरुवाले आफ्नै समाजमा लटरम्म उत्पादन दिन थालेपछि हुने आनन्द र खुशीको अनुभूति गर्न पाइने छ। जसले जे सकिन्छ गरौं, काम शुरु गरेर, हौसला दिएर, किनिदिएर, सहयोग गरेर, बेर्ना बैङ्कलाई वडा-वडामा स्थापित गरौं। विषादीरहित, हरियो, ताजा तरकारी र सागसब्जी खाने आधार बनाऔं। पैसा बचाऔं, स्वस्थ बनौं। स्वस्थ्य समाज र समृद्धिको यात्रामा सहभागी बनौं।

# कोरोनासँग जुध्न ध्यान र योग



**अमित संग्रौला**

ध्यान भनेको सजकतापूर्वक केही नगरिकन विश्राम गर्ने कला हो। आँखा बन्द गरेर आफ्नो अन्तरमनभित्र नियाल्नु हो। आफ्नो मनभित्र विभिन्न किसिमका कुराहरु आइरहन्छन्। ती तरङ्गहरुले मनलाई भारी भएको महशुस गराउँछ। हाम्रो मनमा असंख्य विचारहरु आइरहन्छन्। ती विचारहरुले गर्दा आफ्नो मनमा तनाव र चिन्ता गराउँछ। यी र यस्ता कुराहरुबाट बच्न ध्यान गर्न आवश्यक छ।

ध्यानले हामीलाई मनमा ऊर्जा दिन्छ। ध्यान गर्नाले हामी सकारात्मक र हाम्रो जीवन सजकता बनाउन मद्दत गर्छ। ध्यान निरन्तर गर्नाले हामीभित्रको प्राणशक्ति बढाउँछ। विश्व स्वास्थ संघ-संगठनका अनुसार मान्छेहरु विपरीत किसिमले श्वास फेर्दछन्। ध्यानको निरन्तर अभ्यासले हाम्रो श्वासको गति पनि मिल्दै जान्छ। मनको स्तरमा बलियो हुन्छौ। मनोरोगहरु पनि हटेर जान्छ। तनाव, चिन्ता, भय, उदासीनता हट्छ। मनको स्तरमा शक्तिशाली भएर जान्छ। ध्यानको अभ्यासले गर्दा आफूलाई धेरे फाइदा गर्छ। र, त्यसको वरिपरि वातावरणलाई पनि सकारात्मक ऊर्जा दिन्छ। दिवंगत भएका मान्छेहरु सम्झेर एक मिनेट किन मौनधारण गरिन्छ। किनकि तिनीहरुको मृतआत्माहरुले समेत शान्ति पाउँछन्। त्यो भएर मौनधारण गरिएको हो। हामी आठ घन्टा सुत्दा जति विश्राम हुन्छ त्यति नै बीस मिनेटको ध्यानले गर्दा आउँछ।

दैनिक ध्यान गर्नाले जीवनमा ज्ञान बढेर जान्छ। हामी प्राकृतिक खुशी पाउँछौं। हामी जुन जीवनमा बाँचिरहेका हुन्छौ, त्यसको गुणा बढ्छ। ध्यानको माध्यमबाट सजिव निर्जीव प्रकृतिमा भएका सबै वस्तुसँग प्रेमको भावले हेर्न थाल्छौं। हाम्रो बोल्ने शैली, सोच्ने तरिका जीवनको प्रकृति मै फरक आउँछ। मैले यो सबै आफ्नै अनुभवमा लेखेको हुँ। किनकि मैले आर्ट अफ लिविङबाट ध्यान गर्ने कला सिकेको हो। र, म आफ्नो जीवनबाट असाध्यै खुशी छु।

मलाई योग, ध्यान, आध्यात्मतिर बाटो देखाउने आर्ट अफ लिभिङका प्रशिक्षक सञ्जय शिवाकोटीप्रति हार्दिक आभार प्रकट गर्दछु। हामी सबै नुहाउँछौ त्यो सबैलाई थाह नै त्यो त शरीरको लागि हो, मनको लागि ध्यान हो। ध्यानले पवित्रता ल्याउँछ। भावचित्त शुद्ध गर्छ। मन गह्रौबाट हलुकापन बनाउँछ। हामीभित्रबाट खाली महशुस गर्दछौं। जीवनमा ध्यान सँगसँगै ज्ञानमा पनि जोडिन पुग्दछौं।

हाम्रो जीवन पनि सकारात्मक भएर जान्छ। प्रायः गरेर मान्छेहरु बेहोसमा बाचिरहेका हुन्छन्। तिनीहरुलाई जीवनको मूल्य, अर्थ थाहै नै हुँदैन। उनीहरु अज्ञानता मा बाचेका छन्। ध्यानले ज्ञान दिने हो। हाम्रो जीवन फूल जस्तै मुस्काउन सक्छ। बेहोसीबाट होसमा ल्याउने काम गर्छ। अज्ञानताबाट ज्ञानमा फर्काउँछ। मन, विचार, भाव शुद्ध हुँदै हाम्रो जीवनलाई पवित्र बनाउँछ। हामी किन बाँचिरहेका छौं भन्ने बोध गराउँछ। जीवनमा कृतज्ञता अनुभूति बढ्दै जान्छ। मैले यो लेख लेख्दा म धेरै कृतज्ञ भएको थिएँ।

जीवनमा ध्यान, योगको धेरै नै महत्व छ। म शब्दमा भन्न सक्दिनँ। ध्यान भन्नु नै जीवनमा सजकता ल्याउनु हो। हाम्रो जुन चेतना छ। त्यसलाई अझै जागृतमा ल्याउँछ। हामीभित्रबाट नै खुल्दछौं। हाम्रो जीवन अझै सहज र सरल बनाएर अघि बढ्न सक्छौं। ध्यान नै ज्ञान हो। चेतना हो। मानौ सबथोक हो। हामीभित्र रहेका प्रतिभाहरु फस्फुटन भएर निस्कन्छ। हाम्रो चेतना र प्रतिभा अझै विकसित भएर आउँछ। त्यसैले ध्यान गर्न धेरै आवश्यक रहेको छ। अहिलेको विषम् परिस्थितिमा कोभिडले मानिसको मन, मष्तिस्कभित्र डर, त्रासले



डेरा जमाएको छ। मानिसहरु मानसिकरूपमा तनावग्रस्त भएको देखिन्छ। के होला ? कसो होला एउटै मात्र विचार बारम्बार आइरहेने हुँदा मानिसहरु डिप्रेसनको शिकार समेत भएको देखिन्छ। कोरोना कालदेखि यता मानसिक स्वास्थको लागि ध्यान गर्न अति आवश्यक रहेको देखिएको छ। स्वस्थ शरीर, शान्त मनको लागि योग, ध्यानको महत्व बढेको हो।

**कोरोना र योग**

विश्वभर अहिले कोरोना भाइरस कोभिड - १९ को महामारी छ। यस्तो बेलामा आममानिसमा दुई किसिमको समस्याहरू उत्पन्न भएका छन्- शारीरिक र मानसिक। शारीरिकरूपमा यदि कोही कोरोना संक्रमित भयो भने योगले के भूमिका खेल्न सक्छ ? कोरोना संक्रमण हुनुअघि र संक्रमित भइसकेपछि ? हरेक दिन योग गर्दा हाम्रो शरीरको रोगप्रतिरोधक क्षमता प्रणाली बढ्छ, जुन भाइरससँग लड्न मद्दत गर्दछ। तसर्थ, यदि कसैलाई कोरोना भाइरस छ र यदि हामी तिनीहरूसँग खुलासा (आमने सामने) हुन्छौं भने योगासन नगर्नेहरूको तुलनामा दैनिक योग अभ्यास गर्ने व्यक्तिहरूमा छिटो स्वस्थ हुने सम्भावना बढी हुन्छ। त्यस्तै, यो सामान्य ज्ञान हो कि तनावले रोगप्रतिरोधात्मक शक्तिलाई कमजोर बनाउँछ। योगाभ्यासले तनावमुक्त बनाएर अन्ततः शारीरिकरुपमा बलियो बनाउँछ अर्थात् व्यक्ति मानसिकरुपमा शक्तिशाली हुन्छ।

लकडाउनका कारण हामी घरमा सिमित भएका छौं। अब के हुन हो ? कोरोना महामारीसँग कहिलेसम्म सामना गर्नुपर्ने हो भन्ने अनिश्चितताले मानसिक तनाव, बेचैनी र चिन्ता बढेको छ। त्यस्तो अवस्थामा योगले तनावमुक्ति, सकारात्मकता तथा मनमा दृढ आन्तरिक शान्तिले बच्ने उपाय दिन्छ।

**कोरोनाकालमा ध्यान**

नेपालमा अहिले कोरोना संक्रमणको दोस्रो लहर चलिरहेको छ। अर्थतन्त्र विकासको पाटोलाई नकारात्मक असर गरे पनि हाल जारी निषेधाज्ञाले विभिन्न पेशा, व्यावसायमा रहेका मानिसहरूलाई व्यस्त दैनिकीबाट छुटकारा दिएको छ। यतिबेला हामीलाई सकारात्मक सोच, संयमता र धीरताको थप खाँचो छ। घर बाहिर जाऔं प्रहरीले कारवाही गर्छ भन्ने डर घरभित्र बसौं निरन्तरको एउटै दैनिकीले मनलाई नै पट्यार लाग्दो बनाएको हुन्छ।

यस्तो अवस्थामा ध्यान गर्नका लागि हामीलाई उत्तम समय रहेको छ। खाली समयमा हामीले ध्यान गरेर शरीर र मनलाई स्वस्थ राख्न सक्छौं। फिल्म हेर्ने, मोबाइल चलाएर गेमहरू खेल्ने र विभिन्न साइट खोलेर अनावश्यक कुराहरू हेर्दा त्यसले हाम्रो मन-मष्तिस्कमा नकारात्मक असर पार्छ। यी बिलासी सबै कुराहरू कतै न कतै पुँजीवाद र भौतिक वस्तुसँग गाँसिएका हुन्छन्। तर, हाम्रो मनलाई भित्रैबाट खुशी राख्न र दैनिक जीवनमा सकारात्मक प्रगति गर्नका लागि ध्यान नै एक महत्वपूर्ण व्यवहार हो। ध्यान गर्नका लागि कुनै विशेष स्थानको आवश्यक पर्दैन। हामीले घरकै कोठामा बसेर ध्यान गर्न सक्छौं। त्यसैले यो खाली समयमा हामी ध्यान गरौं, ध्यान गर्न सिकौं। शान्त र खुशी मनको निर्माण गरौं।

# एक करोड रुपैयाँ मूल्य बढिका अवैध सामान पक्राउ



**मेचीनगर, असार २९।** इलाका प्रहरी कार्यालय काँकरभिट्टाले छ महिनामा एक करोड रुपैयाँ मूल्यभन्दा बढिका अवैध सामान पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टामा आफूले नेतृत्व सम्हालेपछिको छ महिनामा यस कार्यालयबाट खटिएको प्रहरी टोलीले विभिन्न मितिमा एक करोड ४७ लाख ७७ रुपैयाँ मूल्यको अवैध सामान बरामद गरेको प्रहरी नायव उपरिक्षक सुनिल दाहालले जानकारी दिए। २०७७ साल माघ ४ गतेबाट प्रहरी नायव उपरीक्षक दाहालले इलाका प्रहरी कार्यालय काँकरभिट्टाको नेतृत्व सम्हालेका थिए। उनले कमाण्ड सम्हाले लगत्तै सीमानाकाबाट अवैधरुपमा हुने निकासी पैठारीलाई निरुत्साहित गर्ने पहिलो एजेण्डा बनाउनु भएको थियो। चोरी बाटो हुने व्यपारलाई भन्सारको दायरामा ल्याएर राजश्व बुझाउन त्यसमा संलग्नहरुलाई प्रेरित गर्ने उनको भनाइ थियो।

सोही अनुसार अवैध धन्दा रोकथामका लागि प्रहरी परिचालन गरिएको र यस कार्यालयबाट खटिएको प्रहरी टोलीले विभिन्न मितिमा सामान बरामद गरी आवश्यक कारवाहीका लागि मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाएको प्रहरी नायव उपरीक्षक दाहालले जानकारी दिए। उनका अनुसार प्रहरीले सबैभन्दा बढी चैत महिनामा ४४ लाख ५८ हजार दुई सय ५३ रुपैयाँ र कम जेठमा २० हजार रुपैयाँ मूल्यका सामान बरामद गरेको थियो। माघ महिनामा १४ लाख १९ हजार पाँच सय, फागुनमा २१ लाख १६ हजार चार सय ४४ रुपैयाँ, बैशाखमा १५ लाख ४२ हजार आठ सय ८०, असार २८ गतेसम्म चार लाख ९० हजार रुपैयाँका अवैध सामान वरामद गरेको कार्यालयले जनाएको छ।

पक्राउ परेका सामानहरुमा खाद्यान्न, लत्ता कपडा, जुत्ता चप्पल, विद्युतीय सामग्री, फलफूल, मटर, खेलौनाका सामान, मोटरका पार्टपूर्जा लगायत छन्। ती सामान मेचीनगरको ज्यामिरगढी, नकलबन्दा, कालिका, सतिघट्टा, विचार्नी, तुर्केनी, बाहुनडाँगी, तिरिङ लगायतका क्षेत्रबाट पक्राउ गरिएको बताइएको छ। कोभिड-१९ का कारण मुख्य नाकाबाट आउजाउमा कडाई गरेका कारण यसमा संलग्नहरुले अबैध बाटो हुँदै सामान आयात निर्यात गर्ने गरेको प्रहरीको दाबी छ।

एक जना प्रहरी अधिकृतका अनुसार उत्तरमा इलामको रोङ गाउँपालिकादेखि दक्षिणमा मोरङको सीमासम्म एक सय ४४ दशमलव २ किलोमिटर खुल्ला सीमाना रहेको झापामा मेचीनगर क्षेत्रमा मात्र २६ किमी खुला सीमा छ। यसैको फाइदा उठाएर कारोबारीहरुले धन्दा चलाइरहेको प्रहरीको भनाइ छ। तर, प्रहरी सक्रियताका कारण यसमा संलग्नहरु राजश्व बुझाएर वैध व्यपारका लागि अहिले भन्सारसम्म पुग्ने गरेका छन्। प्रहरीले यस अवधिमा भारीमात्रामा लागूऔषध समेत पक्राउ गरेको छ।

# ‘डाबासेपामाधा’मा पूर्वाधार निर्माण



**अर्जुनधारा, असार २९।** साझा धार्मिक तीर्थस्थलको पहिचान बनाउन सफल अर्जुनधारा-७ पाराखोपीमा रहेको डाङ्ग्रे बाबा-सेतीदेवी-पाथीभरा माता धाममा पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत विभिन्न कार्य सम्पन्न भएका छन्।

धाम संरक्षण समितिका अनुसार गत जेठ १९ गतेदेखि शुरु भई असार २६ गतेसम्म भएको उक्त कार्यक्रम अन्तर्गत धामको प्रवेशद्वार, प्रवेश मार्गमा पेभर्स ओछ्याउने, दुई सय १६ वटा तामाको दियो जडान गरिएको फलामको रेलिङ, पक्की शौचालय लगायत निर्माण सम्पन्न भएको हो।

अर्जुनधारा नगरपालिकाको एक लाख रुपैयाँ र दाताहरुको दुई लाख ६९ हजार एक सय पाँच रुपैयाँसहित जम्मा तीन लाख ६९ हजार एक सय पाँच रुपैयाँको लागतमा उक्त कार्यहरु सम्पन्न भएको बताइएको छ।

दाताहरुमध्ये हाल एमबीबीएस अध्ययनरत् मुकेश साहबाट उनको हजुरआमा सुमित्रादेवीको स्मृतिमा प्रवेशद्वार निर्माण गर्न एक लाख छ हजार छ सय तीस रुपैयाँ, गगन श्रेष्ठबाट २० हजार रुपैयाँ, जीना ओलीबाट १५ हजार रुपैयाँ, ऐतराज नेम्वाङ ‘सन्तोष’बाट १४ हजार रुपैयाँ, केके गृल उद्योगबाट १० हजार रुपैयाँ सहयोग प्राप्त भएको थियो।

त्यसैगरी अशोक राईबाट आठ हजार रुपैयाँ, साम्पाङ गृल उद्योगबाट पाँच हजार रुपैयाँ, चिडीबहादुर प्रधानबाट पाँच हजार रुपैयाँ, पुष्प गिरी ‘कुमार’बाट पाँच हजार रुपैयाँ, राजकुमार बराइलीबाट पाँच हजार रुपैयाँ र सोमनाथ गिरीबाट पाँच हजार रुपैयाँ सहयोग प्राप्त भएको थियो।

त्यस्तै धामको प्रवेश मार्गमा ओछ्याउन स्थानीय बिल्डकन इण्डष्ट्रिज प्रालिबाट १८ सय थान पेभर्स, व्यवसायीहरु इन्द्रबहादुर मगर ‘काली’बाट एक ट्याक्टर गिटी, मने कार्कीबाट एक ट्याक्टर फिनिसिङ बालुवा, तिलक कार्की र विकास तामाङबाट एक-एक ट्याक्टर खस्रो बालुवा, थर्क मगर र सन्तलाल राजवंशीबाट एक-एक ट्याक्टर मिक्स गिटी समितिलाई उपलब्ध भएको थियो।

यसैबीच धाम परिसरमा नवनिर्मित प्रवेशद्वार र रेलिङको एक कार्यक्रमकाबीच उद्घाटन गरिएको छ। समितिका अध्यक्ष इन्द्रबहादुर मगर ‘काली’को अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख हरिकुमार राना, वडाध्यक्ष नवराम ढुंगाना ‘नवीन’ र धाम उत्पत्तीकर्ता विकास राईले संयुक्तरुपमा उद्घाटन गरेका थिए।

सो कार्यक्रममा पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत भएको कार्यलाई सम्पन्न गर्न १० हजार रुपैयाँभन्दा बढी नगद तथा जिन्सी सहयोग गर्ने आठ जना दातालाई धामको तस्वीर प्रदान गरिएको थियो।

# युएनएचसीआरद्वारा अस्पताल हस्तान्तरण



□ छवि ढकाल

**पथरिशनिश्चरे, असार २९।** शरणार्थी सम्बन्धी राष्ट्रसंघीय उच्चायोग (युएनएचसीआर) मार्फत लुथरन विश्व फेडेरेशनले निर्माण गरिदिएको पूर्वी मोरङको पथरीशनिश्चरेस्थित नगर अस्पतालको भवन हस्तान्तरण गरेको छ।

युएनएचसीआर प्रतिनिधि विष्णु थापा, लुथरनका लीलबहादुर कार्कीसहितले नगर प्रमुख दिलीपकुमार राई, उपप्रमुख यमुना विष्ट बाँस्तोला, सामाजिक विकास समिति संयोजक कपिलमणि ढकाल, सदस्य भद्रमान विश्वकर्मा, अस्पतालका मेडिकल अफिसर डा. सावनकुमार मेहता, स्वास्थ्य शाखा प्रमुख मुरारी आचार्य लगायतको सहभागितामा नगरले हाल कोरोना संक्रमितहरुको उपचारार्थ प्रयोग गरिरहेको उक्त भवन हस्तान्तरण गरेका हुन्।

नगरका तर्फबाट नगर प्रमुख राई, उपप्रमुख बाँस्तोलासहितले भुटानी शरणार्थी प्रभावित क्षेत्रका हिसावले युएनएचसीआरले पुऱ्याउँदै आएको विविध सहयोगप्रति आधार एवम् धन्यवाद व्यक्त गरे।

नगरले कोरोना संक्रमितहरुका लागि आइसोलेसन वार्ड सञ्चालन गरिरहेको सो भवनको निर्माणको लागि उक्त दातृ निकायले एक करोड तीन लाख ३८ हजार तीन सय ६० रूपैयाँ खर्चेको हो।

कोरोना संक्रमितका आईसोलेसन सञ्चालन गर्न उक्त भवन परिसरमा बालुवा गिटी लगाई फिलिङ गर्नुका साथै मार्बल टायल राख्न नगरपालिकाले साढे आठ लाख बराबरको रकम खर्च गरेको नगरका जनस्वास्थ्य कार्यालय संयोजक मुरारी आचार्यले जानकारी दिए।

# पशु बीमामा आकर्षण बढ्दै



**अर्जुनधारा, असार २९।** पशुपालक कृषकहरुको पशुधनको सुरक्षा गर्ने उद्देश्यले अर्जुनधारा नगर पशुपन्छी, मत्स्य तथा कछुवा विकास शाखाले शुरु गरेको पशु बीमा कार्यक्रममा कृषकहरुको आकर्षण बढेको छ।

गत आर्थिक वर्षहरुमा कृषकहरुको सहभागिता नभएको अवस्थामा चालू आर्थिक वर्ष ०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम मार्फत् बीमा गरे वापत प्रिमियमको ५० प्रतिशत रकम भुक्तानी गर्ने भएपछि उनीहरुको आकर्षण बढेको शाखा प्रमुख पदमलाल राईले जानकारी दिए।

शाखा प्रमुख राईका अनुसार कृषकहरुले पशु बीमा गर्दा भुक्तान गर्नुपर्ने प्रिमियमको २५ प्रतिशत रकममध्ये १२.५ प्रतिशत शाखाले भुक्तान गरेको बताइएको छ। शाखाले उपलब्ध गराएको तथ्यांक अनुसार गत साउनदेखि असार २० गतेसम्म एक सय १४ जना कृषकको नौ सय ५३ वटा पशुको बीमा गरिएको छ।

बीमा गरिएको पशुहरुमा तीन सय ४५ वटा गाई, ८६ वटा भैंसी र पाँच सय २२ वटा बाखा रहेका छन्। शाखाले गत असार २७ गतेदेखि २९ गते सम्म सञ्चालन गरेको बीमा प्रिमियम रकम भुक्तान कार्यक्रम अन्तर्गत दुई लाख १० हजार रुपैयाँ भुक्तान गरिने प्रमुख राईले जानकारी दिए।

पशु बीमा प्रोत्साहन कार्यक्रम अन्तर्गत शाखाले भुक्तान गरेको उक्त रकमका कारण पशुपालक कृषकहरुको तीन करोड रुपैयाँ बराबरको पशुधनको जोखिम वहन भएको उनले बताए। त्यसैगरी शाखाले बीमा गरिएको पशु मध्ये ९० वटाको मृत्यु भएको हुँदा आवश्यक क्षतीपूर्तिको लागि सम्बन्धित कार्यालयमा सिफारिस पठाएको छ। मृत्यु भएका पशुहरुमा १४ वटा गाई, ११ वटा भैंसी, ६० वटा बाखा र पाँच वटा बंगुर रहेको उल्लेख गरिएको छ।

# केर्खामा सडक बत्ती जडान

□ उमानाथ भण्डारी

**कमल, असार २९।** रातको समयमा हुने अपराधिक घटना न्यूनीकरण गर्न सीसी क्यामरा भएको स्थानमा सडक बत्ती जडान गरिएको छ।

कमल गाउँपालिका-३ स्थित केर्खा बजार र मुख्य राजमार्गमा जडान गरिएको सीसी क्यामराले रातिको समय अध्यारो भएकोले स्पष्ट फुटेज दिन नसक्ने भएकोले त्यसलाई सहज बनाउनका लागि केर्खा बजारका साथै सीसी क्यामरा भएका सात स्थानमा सडक बत्ती जडान गरिएको प्रहरी चौकी केर्खामा इन्चार्ज राजेशकुमार श्रेष्ठले जानकारी दिए।

सो ठाउँमा आवश्यक पर्ने सात थान सडक बत्ती स्थानीय अनिल पौडेलले उपलब्ध गराएको श्रेष्ठले बताए। हाल केर्खा बजार लगायत आसपासका क्षेत्रमा सीसी क्यामरा जडान गरेपछि विभिन्न आपराधिक घटना संलग्न व्यक्ति पहिचान गर्न सहज भएको चौकीले जनाएको छ।




**पसल बिक्रीमा**

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा।

सम्पर्क : ९८१४९६३४८८

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

‘चट्ट फोन झट्ट सेवा’






सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।






सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**चिनारी राजश्व सेवा सेन्टर**

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।**

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५






दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**सुरक्षा गार्डको आवश्यकता**

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

**कर्मचारी आवश्यकता**

यस कार्यालयलाई केही कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

पद : अफिस कर्मचारी
संख्या : केही
तलब : १५,०००/-
योग्यता : SEE वा +2 सो सरह
कागजात : शैक्षिक योग्यता, प्रमाणपत्र, नागरिकता, pp साइज फोटो
सम्पर्क: ९८६६६७२५७९, ९८२५३५८७९६
बिर्तामोड-५, शनिश्चरेरोड

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६-९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्द् २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| रुद्रबहादुर श्रेष्ठ | पाँचगाछी-१ | ३४७<br>४५९ | ०-३-४<br>०-१-० | खुलिया ताजपुरिया<br>खुलिया ताजपुरिया |
| रुद्रबहादुर श्रेष्ठ | पाँचगाछी-१ | ३६७<br>४६० | ०-३-१२<br>०-१-० | कनक ताजपुरिया<br>कनक ताजपुरिया |
| देबिन्द्र बुढाथोकी | तोपगाछी-९ | ३४६५<br>३४६६ | ०-२-१०<br>१-६-१० | जगतबहादुर भण्डारी (क्षेत्री) |
| केदारनाथ कडरिया | शनिश्चरे-४ | ७८८ | ०-०-१९.५ | बुधराज देवी |
| अम्बरबहादुर पालुङवा | बालुबाडी-९ | १२९ | ३३९८.३४ | रामु सतार |
| विक्रम पालुङवा | बालुबाडी-९ | १८<br>१९ | २१८०.००<br>८७०.०० | सोरेन सतार<br>सोरु सतार |
| टेकनारायण राजवंशी | कुमारखोद-१ | १४० | ६६७२.६३ | मनाल हेमरम सतार<br>वडका मुर्मु सतार<br>छकमलिया/टुकमलिया कहार |
| टेकनारायण राजवंशी | कुमारखोद-१ | १३९ | ४३००.०० | मनाल हेमरम सतार<br>टक्रमलिया कहार |
| बुद्धिमान सुन्दास | शिवगञ्ज-८ | १६७० | ०-४-० | लोकबहादुर माझी |


**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनत परे पनि भाग्यले साथ दिने हुँदा काममा सफलता मिल्नेछ। चुनौति र व्यवधानहरू पार लाग्नेछन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मेहनत गर्दा लक्ष्य प्राप्त गर्न सकिनेछ। सामाजिक काममा रुचि बढ्नेछ। शुभचिन्तकहरूले भने राम्रै सहयोग जुटाउनेछन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** फाइदाका स्रोत पहिचान गर्न सकिनेछ। अध्यात्मभाव जागृत हुनुका साथै धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइने समय छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। परिबन्धले चुनौति निम्त्याउन सक छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** ठूलो भागको आशा राख्दा भएको वस्तु समेत गुम्न सक्छ। अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला व्यहोर्नुपर्ला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा विशेष ध्यान पुऱ्याउनुहोला। केही उपलब्धिका स्रोत भने पहिल्याउन सकिनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** सुन्दर पहिरनले व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मेहनतले नाम, दाम र इनाम दिलाउनेछ। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। व्यापारमा राम्रो फाइदा हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुनेछ। परिस्थिति र अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ। साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** नयाँ योजनातर्फ अग्रसर भइनेछ। अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पहिले इर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन्। चुनौति चिर्दै काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ।